# उच्च मूल्य कृषि वस्तु विकास आयोजनाबाट आ.ब. २०७३/७४ मा हुने खरिद कार्यका लागि सूचीकृत हुने सम्बन्धी  फाराम

उच्च मूल्य कृषि वस्तु विकास आयोजना,

आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत ।

२०७३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
उच्च मूल्य कृषि वस्तु विकास आयोजना
**आयोजना व्यवस्थापन कार्यालय**
सुर्खेत ।

**यस आयोजनाबाट आ.ब. २०७३/७४ मा हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०७३ श्रावण ०७ गते)*

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यको लागि सम्वन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था बमोजिम यस आयोजनाबाट आ.ब. २०७३/७४ मा हुने विभिन्न खरिद सम्बन्धी काम कारवाहीमा संलग्न हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई यस आयोजनाको वेव साईट www.hvap.gov.np तथा यस कार्यालयमा उपलब्ध आवेदन फाराममा आफूले सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली यो सूचना प्रकाशन भएका मितिले १५ दिन भित्र देहायका शर्तहरुका अधिनमा रही यस आयोजनाको आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत र सम्पर्क कार्यालय, मानभवन, ललितपुरमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

१. आवेदन साथ निम्नानुसारका कागजातका प्रतिलिपीहरु एक एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।
   - क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र,
   - ख. मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
   - ग. प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष (आ.ब. २०७१/ ०७२) सम्मको कर चुक्ता गरेको प्रमाण
   - घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
   - ङ. नेपाल बाहिर दर्ता भएको संघ संस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोवार गर्न पाएको स्वीकृति वा इजाजत पत्र ।
   - च. सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर, दस्तुर तथा दायीत्व बाँकी नभएको एवं प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ ।

३. यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म, संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन सक्नेछैन । मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्ने छ ।

४. सूचिकृत भएको फर्म, संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानून बमोजिम कर बिजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानुन बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचीबाट हटाउन सक्नेछ ।

६. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुनबमोजिम हुनेछ ।

## खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु

| समूह | सूचिकृत गर्नुपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| **A.** | खरिद तथा आपूर्ति तर्फ | |
| **A1** | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, कलम, पेन्सील, स्टिच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| **A2** | छपाइ सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धी कार्यहरु । |
| **A3** | पत्रपत्रिका तथा पुस्तक सम्चबर्धा | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई विक्री वितरण गर्ने सम्बन्धी कार्यहरु । |
| **A4** | फर्निचर तथा फिक्चर्स सम्चबर्धा | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| **A5** | इलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, फ्याक्स मेशीन, युपिएस,इनभटर जस्ता उपकरणहरु । |
| **A6** | सवारी साधन तथा सो का पार्ट्स पूर्जा | मोटरसाइकल, साइकल तथा गाडीका टायर, ट्युव तथा अन्य पार्ट्स पूर्जाहरु आपूर्ति तथा फिटिङ्ग सम्बन्धी कार्यहरु । |
| **A7** | मेशीनरी तथा उपकरणहरु | इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजारहरु लगायत विभिन्न मेशीनरी उपकरणहरु र तिनका पार्ट्सहरु । |
| **A8** | विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु । |
| **A9** | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्ब, ट्युबलाईट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामग्रीहरु । |
| **A10** | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन तथा सूचना तथा तथ्यांक भण्डारण, विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर, प्रोग्रामहरुको आपूर्ति सम्बन्धी कार्यहरु। |
| **A11** | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा वा टेलिफोन र सो सम्बद्ध सेवाहरु । |
| **A12** | खानेपानी आपूर्ति तथा धारा जडान सम्बन्धी कार्य | मिनरल वाटर (जार तथा बोतल) आपूर्ति, टेंकरबाट खानेपानी आपूर्ति गर्ने वा खानेपानीका लागि इनार, ट्युववेल, धारा आदि जडान गर्दा गर्नुपर्ने पाइप फिटिङ्ग सम्बन्धी कार्यहरु । |
| **A13** | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी | ग्याँस, पेट्रोल, डिजल, मट्टितेल, लुब्रिकेन्ट्स, दाउरा, कोइला, इन्भरटर, ब्याट्री, सोलार उपकरण आदि । |
| **A14** | लत्ताकपडा तथा सजावटका सामानहरु | कपडा निर्मित झोला, झुल, सोफाका खोल तथा पर्दाहरु जस्ता सामाग्री । |
| **A15** | स्यानिटेशन (सरसफाइ) का सामानहरु | शौचालय, धारा निर्माण एवं सरसफाइमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु । |
| **A16** | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु । |
| **A17** | नेटवर्कि· सम्बन्धी कार्यहरु | कम्प्युटर नेटवर्किङ्ग (LAN, WAN), सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु । |
| **B.** | परामर्श तथा अन्य सेष | |
| **B1** | अध्ययन, अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्भेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु |
| **B2** | सूचना प्रविधि साधनहरुको आवधिक मर्मत | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेशन, टोनर रिफिलिङ्ग आदि सम्बन्धी कार्याहरु । |
| **B3** | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाइट निर्माण सम्बन्धी कार्यहरु । |
| **B4** | कुरियर सर्भिस | चिठीपत्र तथा स-साना पार्सल आदान प्रदान सम्बन्धी कार्यहरु । |
| **B5** | कागजात अनुवाद सम्बन्धी कार्यहरु | नेपाली वा अंग्रेजी भाषाबाट एक अर्कोमा हुने एवं यी भाषाबाट स्थानीय मातृभाषामा हुने अनुवाद सम्बन्धी कार्यहरु । |
| **B6** | डकुमेन्ट्री तथा बृत्तचित्र निर्माण | सार्वजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा श्रव्य दृष्य सामाग्री, रेडियो पत्रिका, टेलिफिल्म, बृत्तचित्र आदि निर्माण गर्ने कार्य । |

| | | |
|---|---|---|
| **B7** | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| **B8** | हवाई तथा अन्य यातायात (ट्राभल एजेन्सी) | हवाई टिकट बुकिङ्ग तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु । |
| **B9** | तथ्यांक प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा तथ्यांक प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु । |
| **B10** | कार्यालय सुरक्षा तथा सरसफाई सम्बन्धी कार्यहरु | कार्यालय/सचिवालयलाई सुरक्षा चेक जाँचमा सहयोग गर्ने सुरक्षा गार्ड, दैनिक सरसफाईमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसाबारी गोडमेल गर्ने माली, सेफ्टि टेंकी सफाइ जस्ता संस्थागत रुपमा उपलब्ध गराउने सम्बन्धी सेवाहरु । |
| **B11** | रंगरोकन तथा सजावट सम्बन्धी कार्यहरु | भवन, झ्याल-ढोका, फर्निचर, काठ तथा विभिन्न संरचना र कम्पाउन्डमा रंगरोकन गर्ने तथा पर्दा, कार्पेटिङ्ग, फ्लोरिङ्ग आदि सम्बन्धी कार्यहरु । |
| **B12** | सेवा करार सम्चबर्धा | सेवा परामर्श अन्तर्गत सेवा करारबाट प्रदान हुने कम्प्युटर अपरेटर, परिचर, ड्राइभर, कार्यालय सहयोगी, कार्यालय सञ्चालन सँग सम्बन्धित अपरेटरहरुको सेवा प्रदान सम्बन्धी कार्यहरु |
| **C.** | निर्माण व्यवसाय | |
| **C1.** | सार्वजनिक सम्पती मर्मत सम्बन्धी कामहरु | भवन, ट्रेविस, स्कीन हाउस आदी मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु । |
| **D.** | अन्य | |
| **D1** | अन्य सामाग्री तथा सेष | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नुअघि सूचीकृत गर्नुपर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु । यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धित सेवाको स्पेसिफिकेशन खुलाई सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

# सूचिकरणका लागि आवेदन

मिति : .....................

श्री उच्च मूल्य कृषि वस्तु विकास आयोजना,
आयोजना व्यवस्थापन कार्यालय,
सुर्खेत ।

विषय : सूचिकृत गरिपाउँ ।

प्रस्तुत विषयमा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार त्यस कार्यालयबाट आ.ब. २०७३/०७४ मा हुने खरिद मध्ये निम्न समूहमा सूचिकृत गरिदिन/ हुनका लागि निम्नानुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

सूचिकृत हुन चाहेको समूह (√ चिन्ह लगाउने)

| समूह | छनौट | समूह | छनौट | समूह | छनौट | समूह | छनौट | समूह | छनौट |
|---|---|---|---|---|---|---|---|---|---|
| **A1** | | **A12** | | **B1** | | **B12.** | | **C1.** | |
| **A2** | | **A13** | | **B2** | | | | | |
| **A3** | | **A14** | | **B3** | | | | | |
| **A4** | | **A15** | | **B4** | | | | | |
| **A5** | | **A16** | | **B5** | | | | | |
| **A6** | | **A17** | | **B6** | | | | | |
| **A7** | | | | **B7** | | | | | |
| **A8** | | | | **B8** | | | | | |
| **A9** | | | | **B9** | | | | | |
| **A10** | | | | **B10** | | | | | |
| **A11** | | | | **B11** | | | | | |
| **D1** | | समूह **D1** छनौट गर्नु भएमा कस्तो कामको लागि सूचिकृत हुन चाहेको हो संक्षेपमा लेख्नुहोस् । ...................................................................................... ...................................................................................... | | | | | | | |

म/मेरो फर्म/संस्था माथि उल्लेखित खरिद कारवाहीमा भाग लिन योग्य र पेशा वा व्यवसायगत कसुरमा कुनै सजायमा परेको छैन, कुनै सार्वजनिक निकायसँग सम्झौता गरी जिम्मा लिएको कुनै काम अधुरो छोडेको वा सम्झौता विपरित कार्य गरेको छैन, कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन कुनै प्रकारको कर, दस्तुर तथा दायीत्व बाँकी छैन भनि स्वघोषणा गर्दछु/गर्दछौं । यसमा लेखिएको व्यहोरा झुटा ठहरेमा प्रचलित नेपाल कानुनबमोजिम कारवाही हुन मन्जुर छ ।

संलग्न कागजातको विवरण :

१.
२.
३.
४.

**आवेदकको**
हस्ताक्षर : ............................
नाम : .................................
ठेगाना : ...............................
स्थायी लेखा नं. ......................
मुख्य सम्पर्क व्यक्तिको नाम र फोन नं.
..................................................
इमेल : .....................................